




NAMASTE


NAMASTE


NAMASTE





# असल अभ्यास आदन प्रदान तथा समिक्षा कार्यक्रम

## नार्पा भूमि गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**च्याँखु, मनाङ**

**गण्डकी प्रदेश, नेपाल**

**रुकमागत उपाध्याय**

प्रमुख प्रशासकीय अधिकृत

# आधारभूत तथा स्थानीय तहको अवस्था

स्थानीय तहबाट हालसम्म जारी भएका कानुन (ऐन, नियम, कार्यविधि र मापदण्ड)

| क्र.सं. | साल | ऐन | नियम, कार्यविधि र मापदण्ड | राजपत्रमा प्रकाशन |
|---|---|---|---|---|
| १. | २०७४ | २ | ५ | ७ |
| २. | २०७५ | ३ | ५ | ८ |
| ३. | २०७६ | ७ | ७ | १४ |
| ४. | २०७७ | २ | २ | २ ( २ कार्यविधि प्रकाशनको लागी प्रेशमा रहेको) |
| | जम्मा | १४ | १९ | ३१ |

# आ.व. ०७६।७७ को वित्तिय व्यवस्था

| क.सं. | विवरण | रकम | निकाशा | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| 1 | सामाजिक सुरक्षा | 2597000 | 2339200 | 2339200 | 00000 |
| 2 | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | 9300000 | 7406876 | 7406876 | 00000 |
| 3 | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण | 1508000 | 906962 | 906962 | 00000 |
| 4 | समानीकरण अनुदान (संघ) | 67000000 | 67000000 | 67000000 | 00000 |
| 5 | समानीकरण अनुदान (प्रदेश) | 12053000 | 12053000 | 12053000 | 00000 |
| 6 | सर्शत अनुदान (सघ) | 29636000 | 19106000 | 13221238 | 5884762 |
| 7 | विशेष अनुदन (संघ) | 34500000 | 0000 | 0000 | 00000 |
| 8 | विशेष अनुदन (प्रदेश) | 1000000 | 2812288 | 2812288 | 00000 |
| 9 | आन्तरीक स्रोत (बेरुज’ फछ्यौट सहित) | 3957020 | 00000 | 00000 | 3957020 |
| | जम्मा | 170551020 | 120624326 | 105739564 | 9851782 |
| | नोट : समानीकरणको रकम निकास लिई खर्च पश्चात बाँकी रकम चालू आवमा अ.ल्या. गरी गत आ.व.मा सत प्रतिशत खर्च देखाईएको । | | | | |

# आन्तरिक आयको अवस्था

- विष्फोटक पदार्थ विक्रिबाट प्राप्त आय रु ३०१००४.५।
- घरजग्गा रजिष्ट्रेसन बापत रु ७८७०।००
- ठेक्का पट्टाबाट प्राप्त राजश्व रु ६९०००।००
- नगदी रसिदबाट रु ५४००।००
- अन्य (सि.एम.सि.बाट प्राप्त) ३०००००।००
- बेरुजुबाट प्राप्त रकम रु ३०७७८९७।००
- घरबहालबाट रु ५६२५०।००
- अन्य आय रु १४७४७५।५४ ।

# आ.व. २०७६।७७ मा प्रदेश र स्थानीय तहबीच राजश्व बाँडफाँट

- कुनैपनी राजश्व बाडफाँट नगरेको ।

# गत आ.व. को कार्यपालिका तथा सभाको बैठक सम्वन्धी बैठक

- सभाको बैठक जम्मा ८
- कार्यपालिका बैठक जम्मा ४२

# आ.व. २०७६/७७ वर्षको खर्चको क्षेत्रगत बाँडफाँट

| क्र.सं. | विवरण | विनियोजित बजेट | यथार्थ खर्चः | खर्च प्रतिशतः |
|---|---|---|---|---|
| १. | भौतिक पूर्वाधार विकास | ६६१५०००० | ४६९६५००० | ७१ |
| २. | सामाजिक विकास | १३०००००० | १३०००००० | १०० |
| ३. | आर्थिक विकास | २२९५००० | १५८४००० | ६९ |
| ४. | वन, वातावरण तथा विपद् व्यवस्थापन | ० | ० | ० |
| ५ | सुशासन तथा संस्थागत विकास | ० | ० | ० |

# क्षेत्रगत भौतिक प्रगतिको अवस्था (आ.ब.२०७६/७७)

गाउँपालिका राष्ट्रिय सडक सञ्जालमा नजोडिएको हुदाँ गाउँपालिका क्षेत्रभित्र गोरेटो बाटो विस्तारका कार्य भईरहेको छ ।

प्रदेश सरकारबाट विभिन्न आ.व. मा कोतो- छ्याछ्या - हुलाकीओडार -मेता - च्याखूँ सडक खण्डको लागि बजेट विनियोजन भएपनि कार्य थालनी हुन नसकेको ।

गाउँपालिका क्षेत्रभित्र कुल ९ गोटा झोलुङ्गे पुल रहका छन जसमध्ये १ आ.व. ०७६।७७ मा निर्माण भएको हो जुन गण्डकी प्रदेश सरकारको आयोजना हो ।

जनघनत्व (के.त. वि. २०६८ अनुसार ०.६४ प्रति वर्ग कि.मि) कम भएका कारण खानेपानी समस्या नभएको भएतापनी समुदायी धाराबाट खानेपानी सेवा पुगिरहेको छ । भने हालमा तल्लो बेसी समथर क्षेत्रमा सिंचाई तथा खानेपानी आयोजना संचालन गर्न माग समेत गरिएको छ ।

साना स्तरका खोलानाला भएको भएतापनि केहि स्थानमा नदी कटानबाट जोगाउन ३ खोलाहरुका तटवन्धका कार्य सम्पन्न गरिएको छ ।

# क्षेत्रगत भौतिक प्रगतिको अवस्था (आ.ब.२०७६/७७)

- लघु जलविद्युत नार गाउँ (४५ कि.वा) र फू (३५ कि.वा) गाउँमा संचालनमा रहेका छन । जसबाट जनताहरुको विद्युत माग पुरा गनुपर्ने अवस्था छ । नार गाउँको विद्युतलाई मेता च्याखू र क्याङ सम्म विस्तारको काम हुदैछ । आ.व. ०७६।७७ मा मेता गाउँमा विद्युत विस्तार कार्य सम्पन्न भएको छ ।
- जनसंख्याको घनत्व कम रहेको हुदा विद्यार्थीको कम चाप रहनु स्वभाविक नै हो । विद्यालयको पहुँच टाढा रहेका कारण आवासीय विद्यालयको आवश्यकता रहेकोले नारमा प्रदेश सरकारको सहयोगमा १ आवासीय विद्यालय निर्माणको लागि ठेक्का प्रकृया सम्पन्न गरी २८।६ प्रतिशत कार्य सम्पन्न भएको छ । साथै आ.व.०७७।७८ मा समेत उक्त योजनालाई प्रदेशले क्रमागत बजेट विनियोजन गरेकोले निरन्तर रुपमा कार्य भईरहेको ।
- सार्वजनिक, सरकारी एवं पर्ति जग्गा अतिक्रमणको समस्या रहेको छैन ।
- यस आ.व.मा १ गोटा सामुदायीक भवन निर्माण भएको छ ।

# कार्यालय भवनको पर्याप्तता

- गाउँपालिका केन्द्र च्याखूँमा कार्यालय भवन र आवासीय भवन निर्माण भएको छ । जसमा बैंक, प्रहरी, आयूवेद लगाएतका कार्यालय संचालन गर्नुपर्दा कार्यालय भवन अपर्याप्त नै रहेको छ ।
- गाउँपालिकामा टेलिकमको टावर नटिप्ने समस्या विद्यमान छ भने इन्टरनेटको पहुँच पुग्न सकेको थियन । तर हालमा ग्रामिण दुरसंचर विकास कोष अर्न्तगत टेकमाईण्ड नेटवर्क प्रा.लि.ले ताररहित इन्टरनेट सुविधा पुर्‍यएको भएतापनी दिगोपनाको समस्या कायमै छ ।
- गाउँपालिकामा कुल ५१ जना कर्मचारीको दरवन्दी रहेको छ । जसमा अधिकृत स्तर ८ जना र सहायक स्तर ४३ जना रहेको छ ।
- जसमध्ये अधिकृत स्तरमा ३ जना र सहायक स्तरमा १५ पद मात्र पूर्ति भएको छ । भने विषयगत शाखाहरु कृषि, पशु, स्वास्थ्य शाखामा कर्मचारीको अभाव कायमै छ ।
- मनाङ जिल्लाकै अति दुर्गम गाउँपालिका रहेकोले कर्मचारीको आर्कषण कम रहदा सरुवा हुने कारण प्रशासनिक पदहरु पनी खालि हुने क्रम निरन्तर रहेको छ । जसले वडा कार्यालयमा समेत प्राविधिक कर्मचारीले कार्य सम्पादन गर्नुपर्ने एवं दोहोरो जिम्मेवारी दिनुपर्ने समस्या छ ।

# स्थानीय तह अर्न्तगत गठित सममितिहरु

- स्थानीय अनुगमन समित
- राजश्व परामर्श समिति
- सोत अनुमन तथा बजेट निर्धारण समिति
- कार्यक्रम समिति
- न्यायीक समिति
- विपद व्यवस्थापन समिति
- विद्यायन समिति
- सार्वजनिक सेवा तथा क्षमता विकास समिति
- आर्थिक विकास समिति
- सामाजिक विकास समिति
- पूर्वाधार विकास समतिी
- वतावरण व्यवस्थापन समिति

# विकास तथा पूजिगत बजेटबाट कार्यन्यव भएको योजनाहरु

- गाउँपालिका केन्द्रका १० योजनाहरु संचालन भएका थिए ।
- वडा स्तरीय ३३ योजनाहरु संचालन भएका थिए ।
- विषयगत शाखाका बजेट अनुसारका विभिन्न योजनाहरु कार्यान्वय भएको थिए ।
- कोभिड १९ का कारण योजना कार्यान्वयनमा समस्या रहेको ।
- गाउँपालिकाको प्रोफाईल आ.व. ०७५।७६ मा नै निर्माण भईएकेको छ साथै आ.व. ०७७।७८ मा डिजिटल प्रोफाईल बनाउने कार्य भईरहेको छ ।

# सामाजिक सुरक्षा अनुदान सम्वन्धी विवरण

- जेष्ठ नागरीक ३९
- अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति ६
- असहाय एकल महिला ३३
- अपाङगता भएका व्यक्ति १
- जम्मा ७९ जना व्यक्ति सामाजिक सुरक्षा भत्ता पाईरहेका छन भने यस आ.व. मा बैङ्क्कङ प्रणालीमार्फत सामाजिक सुरक्षा भत्ता वितरण

# पारदर्शिता तथा गुनासो व्यवस्थापन

- कार्यसञ्चालनकोलागि पेश्की लिने गरेतापनी कार्यसम्पादन पश्चात पेश्की फछ्यौट गर्ने गरिएको छ । दोहोरो पेश्कीलाई निरुत्साहित गरिएको छ ।
- बेरुजु शुन्य गाउँपालिका बनाउने प्रयास जारी रहेको छ गत आ.व.मा नियमित गर्नुपर्ने बेरुजु रु २५२५८७५१ र असुल उपर गर्नुपर्ने बेरुजु रु २०४६८६६।१ रहेकोमा नियमित गर्नुपर्ने वेरुजु नियमित गर्न समितिमा पेश भएको एवं असुल गन’पर्ने बेरुजु सवै असुल भएको ।
- गाँउपालिका तथा ५ वटै वडा कार्यालयमा नागरिक वडापत्रको व्यवस्था गरिएको
- गा.पा. कार्यालयमा गुनासो पेटिकाको व्यवस्था गरी हरेक दिन बिहान गुनासो पेटिक खोलिने गरेको र कुनै गुनासो परेको भएको बैठक मार्फत गुनासोको उचित सम्वोधन गरिएको
- गा.पा. मा  सूचना अधिकारी तोकी सूचना व्यवस्थापनलाई प्रभावकारी बनाईएको
- कोभिड-१९ का कारण सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई हुन नसकेको
- आ.व. २०७६/०७७ को आन्तरिक लेखापरिक्षण सम्पन्न भएको र कोभिड-१९ का कारण अन्तिम लेखापरिक्षण हुन बाँकी रहेको

# आर्थिक वर्ष ०७६/७७ मा सम्पादित उल्लेखनीय कार्यहरु

- वडा कार्यालय र गाँउपालिका कार्यालयको प्रशासकीय भवन(कच्ची) निर्माण सम्पन्न भई उद्घाटन भएको
- पर्यटन पर्वद्दनका निम्ति छुट्टै वेभसाइट http://narpatourism.com/ निर्माण तथा यस गाँउपालिकाभित्र रहेका विश्व प्रसिद्द पासहरु जस्तै काङ्ला पास, नाम्गो पास, तेरिला पास, सारिवुङ पास, आदीको पदमार्ग स्तरोन्नति
- गाउँपालिकाका जनताहरुमा बैङ्किङ पहुच पुर्याउन गाउँपालिका केन्दमा नेपाल बैक स्थापना
- च्याँखु पहरी कार्यालयको स्थापना
- गाउँपालिकाबासीलाई उद्यमसिलता सम्वन्धी तालिम सञ्चालन

# असल अभ्यासहरू

- सामाजिक सुरक्षा भत्तालाई  बैंकिङ प्रणाली मार्फत वितरणको सुरुवात ।
- गा.पा.को सम्पूर्ण लेखा सम्वन्धी कार्य अनलाईन प्रणाली मार्फत ।
- हिमाली क्षेत्रमा  एकीकृत बस्ती विकासका लागि च्याँखु गुरुयोजना निर्माण गरी कार्य अगाडि बढाइएको ।
- स्वास्थ्य चौकिहरु नभएका वडाहरुमा आधारभूत स्वास्थ्य ईकाई स्थापना र सञ्चालन ३ स्थानमा ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालित आयोजनाहरुको केन्द्रिय अनुगमन गरी मात्र भुक्तानी दिने व्यवस्था मिलाइएको ।

# स्थानीय तहले अनुभूत गरेका प्रमुख समस्याहरु

- सडकको पहुँच नभएकोले  जिल्ला सदरमुकाम चामेबाट गा.पा. सम्म आउजाउ गर्न करिब २ दिनको समय लाग्नु
- गा.पा. केन्द्रमा मोबाईल तथा लेन्डलाईन फोनको समस्या
- केन्द्रिय प्रशारण लाईन नपुगेकोले विद्युत आपूर्ति स्थिर नभएको
- अत्याधिक चिसोका कारण काम गर्न कठिनाई
- जडिबुटि संकलन मार्फत प्राप्त हुने राजश्व स्थानीय तहको मातहत ल्याउन नसकेको



## अन्य :



# आ.व. २०७६/०७७ मा सम्पन्न केही योजना तथा कार्यक्रमहरुका तस्विरहरु :

# गाउँपालिकाको भवन



# नारमा नाउर (जंगली भेडा) बाट खेतिपाति जोगाउन लगाईएको तारजालि



# हुलाकि ओडारमा बलास्टिङ्ग को लागि पदचिन्ह (Track) खोल्ने कार्य





# क्याङ भिरमा गोरेटो बाटो निर्माणको काम अगाडी बढाउँदै



# फू गाँउमा स्वागत गेट निर्माण



# ANY QUESTIONS OR COMMENTS…



THANK YOU!

